# “सुदूरपश्चिम प्रदेशको मुक्त कमैया, हलिया तथा कम्हलरी पुनःस्थापना कार्यविधि, २०८०”

**प्रस्तावनाः** कमैया, हलिया र कम्हलरी प्रथा निषेध गर्न नेपाल सरकारले विभिन्न मितिमा मुक्त भएको घोषणा गरेको छ। नेपालको संविधानको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, हलिया र कम्हलरी लगायतलाई पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने राज्यको नीति रहेको र सुदूरपश्चिम प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची -२ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको जिम्मेवारीमा मुक्त कमैया, हलिया, आदि वर्गको बसोबास, जीविकोपार्जन तथा पुनःस्थापना सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन रहेको सन्दर्भमा हाल सम्म पनि नेपाल सरकारबाट पुनःस्थापना हुन नसकेका सुदूरपश्चिम प्रदेशमा रहेका मुक्त कमैया, हलिया र कम्हलरीलाई सम्मानपूर्वक पुनःस्थापना गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “सुदूरपश्चिम प्रदेशको मुक्त कमैया, हलिया तथा कम्हलरी पुनःस्थापना कार्यविधि, २०८०” रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) परिवार” भन्नाले मुक्त कमैया र हलियाको हकमा निजको बाबु, आमा, पति वा पत्नी सम्झनु पर्छ र सो शब्दले मुक्त कम्हलरीको हकमा बिहे गरेको भए पतिलाईसमेत सम्झनु पर्छ।

(ख) “मन्त्रालय” भन्नाले सुदूरपश्चिम प्रदेशको भूमि व्यवस्था सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ग) “मुक्त कमैया, हलिया र कम्हलरी” भन्नाले नेपाल सरकारको विभिन्न मितिको निर्णय बमोजिम मुक्त भई नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरेका कमैया, हलिया तथा कम्हलरीलाई सम्झनु पर्छ र सो शब्दले बिभिन्न कारणले नेपाल सरकारको लगतमा समावेश हुन नसकी छुट भई यो कार्यविधि बमोजिम परिचयपत्र प्राप्त गर्ने कमैया, हलिया र कम्हलरीलाई समेत जनाउँछ।

(घ) “लाभग्राही” भन्नाले परिच्छेद -३ बमोजिम सुरक्षित आवासमा सहयोग प्राप्त गर्ने मुक्त कमैया, हलिया तथा कम्हलरी सम्झनु पर्छ।

(ङ) “वडा कार्यालय” भन्नाले सम्बन्धित स्थानीय तहको वडा कार्यालय सम्झनु पर्छ।

(च) "समिति" भन्नाले दफा ८ को उपदफा (१) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(छ) “स्थानीय तह” भन्नाले सुदूरपश्चिम प्रदेशभित्रका गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद -२

## लगत सङ्कलन तथा परिचयपत्र वितरण

३. **लगत सङ्कलन तथा परिचयपत्र वितरण प्रक्रियाः** (१) मन्त्रालयले नेपाल सरकार वा मातहतका मालपोत कार्यालय वा भूमिसुधार तथा मालपोत कार्यालय र स्थानीय तहबाट नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरी पुनःस्थापना अन्तर्गत पूर्ण सुविधा पाएका, आंशिक सुविधा पाएका र कुनै पनि सुविधा नपाएका मुक्त कमैया, हलिया तथा कम्हलरीको पुनःस्थापना सम्बन्धी विवरण माग गरि अभिलेख राख्नु पर्नेछ।

(२) स्थानीय तहले आवश्यक देखेमा कम्तीमा एक पटकका लागि नेपाल सरकारको लगतमा छुट हुन गएका मुक्त कमैया, हलिया तथा कम्हलरीको लगत सङ्कलनको लागि अनुसूची -१ बमोजिम तीस दिनको सूचना प्रकाशन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम मुक्त कमैया, हलिया वा कम्हलरीले अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन सम्बन्धित वडा कार्यालयमा बुझाउनु पर्नेछ।

(४) सम्बन्धित वडा कार्यालयले प्राप्त भएका फारामहरू दर्ता गरी अभिलेख राख्नु पर्नेछ।

(५) वडा कार्यालयले देहायको मितिको आधारमा सत्यापन गर्नु पर्नेछः-

(क) मुक्त कमैयाको हकमा मुक्त कमैया पहिचान गर्दा २०५७ साल श्रावण २ गतेभन्दा अगाडि कमैया भएको प्रमाण (भूमिसुधार कार्यालयले उपलब्ध गराएको कमैया निस्सा (चुटका) लाई आधार मान्ने) वा तत्कालीन गा.वि.स. ले २०५७ साल श्रावण २ गतेभन्दा अगाडि कमैया भएको प्रमाणित गरिदिएको सिफारिस वा निस्सा वा अन्य आधिकारिक प्रमाण,

(ख) मुक्त हलियाको हकमा मिति २०६५ साल भाद्र २१ गते भन्दा अगाडि हलिया काम गरेको आधिकारिक प्रमाण,

(ग) मुक्त कम्हलरीको हकमा मिति २०७० साल आषाढ १३ गते भन्दा अगाडि कम्हलरी भएको आधिकारिक प्रमाण।

(६) वडा कार्यालयले सत्यापन गर्ने प्रयोजनको लागि सूचनाको म्यादभित्र प्राप्त भएका मुक्त कमैया, हलिया तथा कम्हलरीको विवरण अनुसूची -३ बमोजिम सात दिनभित्र उजुरी गर्नको लागि सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(७) वडा कार्यालयले सूचनाको म्यादभित्र उजुरी प्राप्त भएमा छानबिन गर्नु पर्नेछ।

(८) वडा कार्यालयले सत्यापनको काम सम्पन्न भए पश्चात अन्तिम सूची प्रकाशन गर्नु पर्नेछ।

(९) दफा ३ बमोजिम सत्यापन गरिएको लगत वडा कार्यालयले प्रमाणीकरणको लागि सम्बन्धित स्थानीय तहको कार्यपालिकामा पेस गर्नु पर्नेछ। सम्बन्धित स्थानीय तहको कार्यपालिकाले प्रमाणीकरण गरी परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम परिचयपत्र प्राप्त गर्नेको विवरण सम्बन्धित स्थानीय तहले मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद -३

## मुक्त कमैया, हलिया तथा कम्हलरी पुनःस्थापना

४. **सुरक्षित आवास निर्माणमा सहयोगः** (१) मन्त्रालयले नेपाल सरकार वा स्थानीय तहबाट जग्गा प्राप्त गरेका वा जग्गा प्राप्त गर्ने सुनिश्चित भएका आवासविहीन मुक्त कमैया, हलिया तथा कम्हलरीलाई एक पटकका लागि देहाय बमोजिम सुरक्षित आवास निर्माणमा सहयोग गर्नेछः-

(क) नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरी हालसम्म कुनै निकायबाट घर निर्माणमा सहयोग प्राप्त नगरेका वा पुनःस्थापना हुन नसकेका आवास विहिन मुक्त कमैया,

(ख) नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरी हालसम्म कुनै निकायबाट घर निर्माणमा सहयोग प्राप्त नगरेका वा पुनःस्थापना हुन नसकेका आवासविहीन मुक्त हलिया,

(ग) नेपाल सरकारबाट परिचयपत्र प्राप्त गरी हालसम्म पनि एक्लै बस्दै आएका अभिभावकविहीन, आवासविहीन र बिहे गरेको तर पति पनि भूमिहीन वा आवासविहीन भएको मुक्त कम्हलरी।

(२) आवास निर्माणमा उपदफा (१) बमोजिमका लाभग्राहीलाई मन्त्रालयले प्रति घर बढीमा तीन लाख पचास हजार रुपैयाँसम्म सहयोग गर्न सक्नेछ।

(३) घर निर्माणका लागि लाभग्राही छनौट देहाय बमोजिम हुनेछः-

(क) मुक्त कमैया, हलिया र कम्हलरी रहेका स्थानीय तहले मुक्त कमैया, हलिया र कम्हलरीको आवास निर्माणमा सहयोगको लागि समिति समक्ष सिफारिस गर्नु पर्ने,

(ख) स्थानीय तहले उपदफा (३) को खण्ड (क) बमोजिम सिफारिस गर्दा जोखिमयुक्त ठाउँमा बसेका, एकल महिला वा बृद्ध, शिविरमा बसेका, एकै स्थानमा पाँच वा सो भन्दा बढी परिवार बसेका र आवास निर्माणको लागि

जग्गा भएका मुक्त कमैया, हलिया र कम्हलरीलाई प्राथमिकता दिई मन्त्रालय समक्ष सिफारिस गर्नु पर्ने,

(ग) सिफारिस गर्दा मुक्त कमैया, हलिया वा कम्हलरीको परिचयपत्र प्राप्त गरेका, जग्गाधनी दर्ता प्रमाणपुर्जा भएका वा राष्ट्रिय भूमि आयोगबाट निस्सा भएकालाई मात्र गर्नु पर्ने,

(घ) समितिले स्थानीय तहबाट प्राप्त सिफारिस बमोजिम स्थलगत अनुगमन समेत गरी लाभग्राही छनौट गर्नु पर्ने,

(ङ) लाभग्राही छनोट गर्ने अन्तिम अधिकार समितिलाई हुने।

(६) आवास निर्माण गर्दा उपदफा (२) बमोजिमको आर्थिक दायित्वमा नबढ्ने गरी मन्त्रालयले प्रचलित कानुन बमोजिम अनुमति लिई सुदूरपश्चिम प्रदेशमा मुक्त कमैया, हलिया र कम्हलरीको क्षेत्रमा आवास निर्माण सम्बन्धी काम गरिरहेका स्थानीय तह, सङ्घ संस्था वा अन्य सरोकारवालाको लागत साझेदारी समेत हुने गरी समझदारी (MOU) गरी निर्माण गराउन सक्नेछ। आवास सम्बन्धी अन्य कुराहरू समझदारी पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(७) आवास निर्माणमा स्थानीय तहले आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(८) मन्त्रालयले सुरक्षित आवास निर्माण गर्दा सम्बन्धित लाभग्राहीलाई देहाय बमोजिम तीन किस्तामा रकम सम्बन्धित लाभग्राहीको बैंक खाता मार्फत भुक्तानी दिइनेछः-

(क) पहिलो किस्ता बीस प्रतिशत लाभग्राहीसँग सम्झौता भए पश्चात,

(ख) दोस्रो किस्ता चालीस प्रतिशत प्राविधिक प्रतिवेदनका आधारमा,

(ग) तेस्रो किस्ता चालीस प्रतिशत घर निर्माण सम्पन्न प्रतिवेदन पेस भए पश्चात।

५. <u>जमिन उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः</u> (१) नेपाल सरकारबाट परिचय प्राप्त गरेका वा यस कार्यविधि बमोजिम परिचय प्राप्त गरेका भूमिहीन मुक्त कमैया, हलिया तथा कम्हलरीलाई एक पटकका लागि देहाय बमोजिम जग्गा उपलब्ध गराउन मन्त्रालयले पहल गर्नेछ।

(२) समितिले भूमिहीन मुक्त कमैया, हलिया तथा कम्हलरी परिवारलाई भोगचलन भित्र रहेको प्रचलित कानुन बमोजिम उपलब्ध गराउन मिल्ने जग्गा नापजाँच गरी पुर्जा प्राप्तिका लागि राष्ट्रिय भुमि आयोग जिल्ला समिति तथा स्थानीय तहसँग समन्वय र सहकार्य गरी जग्गा उपलब्ध गराउन पहल गर्नु पर्नेछ।

(३) समितिले मुक्त कमैया, हलियाले नेपाल सरकारबाट जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरी भोगचलन गर्न नपाएका जग्गाहरू सम्बन्धी छानबिन गर्न मन्त्रालयको संयोजकत्वमा सम्बन्धित नापी कार्यालय, मालपोत कार्यालय, भूमि आयोग तथा मुक्त कमैया, हलियाको प्रतिनिधिको सहभागिता हुने गरी छानबिन समिति गठन गर्न सक्नेछ।सो समितिले छानबिन गरी दिएको प्रतिवेदन बमोजिम समितिले भोगचलन गराउन सम्बन्धित निकायमा समन्वय गर्ने वा अन्य उपयुक्त निर्णय गरी जग्गा उपलब्ध गराउन सक्नेछ।

(४) छानबिन समितिले नेपाल सरकारबाट मुक्त कमैया, हलियाले प्राप्त गरेको जग्गा जोखिम युक्त क्षेत्र वा घर बनाउन उपयुक्त नरहेको भनी प्रतिवेदन पेस गरेमा समितिले प्रदेश सरकार र नेपाल सरकारलाई उपयुक्त वैकल्पिक व्यवस्थाको लागि सिफारिस गर्नेछ।

६. **<u>सीप विकास सम्बन्धी कार्यक्रमः</u>** (१) सुदूरपश्चिम प्रदेश सरकार मातहतका विभिन्न निकायबाट सञ्चालन हुने सीपमूलक तालिमका लागि मुक्त कमैया, हलिया र कम्हलरीको लागि निश्चित कोटा निर्धारण गर्न समितिले सिफारिस गर्नेछ।

(२) मन्त्रालयले कृषि, पशुपालन, मत्स्य पालन लगायतका कृषि सम्बन्धी योजना तयार गर्दा मुक्त कमैया, हलिया र कम्हलरीलाई समेत लक्षित गरी योजना तर्जुमा गर्नु पर्नेछ।

(३) सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयले परिचयपत्र प्राप्त मुक्त कम्हलरीलाई उच्च शिक्षाका लागि सहयोग हुने गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(४) प्रदेश सरकार तथा स्थानीय तहले जिविकोपार्जन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा मुक्त कमैया, हलिया तथा कम्हलरी परिवारलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

## परिच्छेद -४

## <u>कार्यन्वयन संरचना</u>

७. **<u>कार्यक्रम निर्देशक समितिः</u>** (१) मुक्त कमैया, हलिया र कम्हलरीको पुनःस्थापना सम्बन्धी कार्य गर्न मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्री, भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालय | -संयोजक |
| (ख) सदस्य, भूमि व्यवस्था हेर्ने प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| (ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) सचिव, आर्थिक मामिला मन्त्रालय | -सदस्य |
| (ङ) सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (च) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | -सदस्य |
| (छ) अध्यक्ष, कैलाली जिल्ला स्थित राष्ट्रिय भूमि आयोग | -सदस्य |
| (ज) मुक्त कमैया, हलिया तथा कम्हलरी प्रतिनिधि ३ जना | -सदस्य |
| (झ) सम्बन्धित क्षेत्रमा काम गरेको विज्ञ १ जना | -सदस्य |
| (ञ) सचिव, मन्त्रालय | -सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञ वा सरोकारवाला अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पुनःस्थापना सम्बन्धी नीति र कार्ययोजना तर्जुमा गर्ने,

(ख) स्वीकृत नीति र कार्ययोजना कार्यान्वयन गराउने,

(ग) समितिबाट पेस भएको वार्षिक कार्यक्रम स्वीकृत गर्ने,

(घ) समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) अन्य मन्त्रालय र सरोकारवालाहरूसँग समन्वय गर्ने।

८. **<u>कार्यक्रम कार्यान्वयन समिति</u>:** (१) मुक्त कमैया, कम्हलरी, हलियाको पुनःस्थापना सम्बन्धी कार्य गर्न देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | -संयोजक |
| (ख) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | -सदस्य |
| (ग) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा, मन्त्रालय | -सदस्य |
| (घ) प्रमुख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | -सदस्य |
| (ङ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, | -सदस्य |
| (च) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | -सदस्य |
| (छ) मन्त्रालयले मनोनित गरेका मुक्त कमैया, हलिया तथा कम्हलरीका प्रतिनिधि ३ जना | -सदस्य |
| (ज) प्रमुख, नापी कार्यालय, धनगढी, कैलाली | -सदस्य |
| (झ) प्रमुख, मालपोत कार्यालय, धनगढी, कैलाली | -सदस्य |
| (ञ) प्रमुख, भूमि व्यवस्था महाशाखा, मन्त्रालय | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार विज्ञ वा सरोकारवाला अन्य व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मुक्त कमैया, हलिया, कम्हलरी पहिचान तथा पुनःस्थापनाको लागि स्थानीय तहसँग समन्वय गर्ने,

(ख) वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,

(ग) स्थानीय तहको सिफारिसमा लाभग्राही छनौट गर्ने,

(घ) पुनःस्थापना कार्यको अनुगमन गर्ने,

(ङ) पुनःस्थापनामा सहयोग गर्नका लागि विकास साझेदार संस्था, गैरसरकारी संस्था लगायत संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,

(च) सरोकारवाला अन्य निकायहरूसँग समन्वय गर्ने।

## परिच्छेद -५

## <u>विविध</u>

९. **<u>फरफारक हुने</u>**ः कुनै लाभग्राहीले विशेष कारणवस निर्माण कार्य सम्पन्न गर्न नसकेमा निर्माण भएको कार्यको मूल्याङ्कन गरी सोको खर्च समितिको निर्णय बमोजिम फरफारक गर्न सकिनेछ।

१०. **<u>बेचबिखन गर्न नपाउने</u>**ः यस कार्यविधि बमोजिम प्रदेशबाट सहयोग पाई निर्माण भएका घर र जग्गा कम्तीमा दश वर्षसम्म बेचबिखन गर्न पाइने छैन तर प्रचलित कानुन बमोजिम नामसारी गर्न बाधा पर्ने छैन।

११. **<u>झुट्टा विवरण पेस गरेमा कारबाही हुने:</u>** यस कार्यविधि बमोजिम पाईने सुविधा प्राप्त गर्ने उद्देश्यले कसैल झुट्टा विवरण पेस गरेको जानकारी आएमा मन्त्रालयले तत्काल प्रचलित कानुन बमोजिम कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

१२. **<u>निर्देशन पालन गर्नुपर्ने:</u>** मन्त्रालयले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित सबै निकायले पालना गर्नु पर्नेछ।

१३. **<u>प्रचलित कानुन बमोजिम हुने:</u>** यस कार्यविधिमा लेखिएका विषयमा यसै बमोजिम र अन्य कुराका हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची -१

(दफा ३ उपदफा (२) सँग सम्बन्धित)

**<u>लगत सङ्कलन सम्बन्धी सूचनाको ढाँचा</u>**

.......................गाउँपालिका/नगरपालिका

नं. वडा कार्यालय

सुदूरपश्चिम प्रदेश

सूचना

नेपाल सरकारबाट विभिन्न मितिमा मुक्त घोषणा भई हालसम्म पनि परिचयपत्र प्राप्त गर्न नसकेका सुदूरपश्चिम प्रदेशमा स्थायी बसोबास गरेका मुक्त कमैया, हलिया तथा कम्हलरी स्वयम् वा निजको पति वा पत्नीले सुदूरपश्चिम प्रदेशको मुक्त कमैया, हलिया तथा कम्हलरी पुनःस्थापना कार्यविधि, २०८० को दफा ३ बमोजिम यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित वडा कार्यालयमा अनुसूची -२ बमोजिमको ढाँचामा आवश्यक प्रमाण सहित निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

<u>आवश्यक प्रमाण</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. मुक्त कमैयाको हकमा मिति २०५७ साल श्रावण २ गतेभन्दा अगाडि कमैया बसेको प्रमाण, मुक्त हलियाको लागि मिति २०६५ साल भाद्र २१ गतेभन्दा अगाडि हलिया भएको प्रमाण र मुक्त कम्हलरीको हकमा मिति २०७० साल आषाढ १३ गतेभन्दा अगाडि कम्हलरी भएको आधिकारिक प्रमाण,

३. मृत्यु भएकाको हकमा मृत्यु दर्ता र नाता प्रमाणितको प्रतिलिपि।

अनुसूची -२

(दफा ३ उपदफा (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् वडा अध्यक्षज्यू,
..नं. वडा कार्यालय
गाउँपालिका/ नगरपालिका, सुदूरपश्चिम प्रदेश।

बिषयः- परिचयपत्र सम्बन्धमा।

उपरोक्त बिषयमा ताहाँ स्थानीय तहबाट मिति ..................... प्रकाशित सार्वजनिक सूचना अनुसार मुक्त कमैया/हलिया/कम्हलरी परिचयपत्र प्राप्तिको लागि देहाय बमोजिमको विवरणहरू पेस गरी नियमानुसार परिचयपत्र उपलब्ध गराई दिनुहुन अनुरोध गर्दछु।

| नाम | ठेगाना | बाबु | बाजे | कमैया हलिया वा कम्हलरी बसेको अवधि | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | ........देखि........ | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सँलग्न कागजपत्रहरूः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
२. मुक्त कमैया/हलिया/कम्हलरी भएको प्रमाण,
३. अन्य आवश्यक प्रमाण।

<u>निवेदन</u>
दस्तखतः-
नाम थरः-
ठेगानाः-
मितिः-
सम्पर्क फोन वा मोबाइल नं.

अनुसूची -३

(दफा ३ उपदफा (६) सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

**......................गाउँपालिका/नगरपालिका**

**सुदूरपश्चिम प्रदेश**

**सूचना**

यस वडा कार्यालयबाट मिति २०.../..../....मा प्रकाशित भएको सूचना बमोजिम मुक्त कमैया, हलिया तथा कम्हलरी परिचयपत्र प्राप्तिका लागि तपसिल बमोजिमका व्यक्तिहरूले निवेदन पेस गरेकाले उक्त विवरणमा भएका निवेदकहरूमध्ये कुनै व्यक्ति परिचयपत्र प्राप्त गर्न अयोग्य रहेको देखिएमा यो सूचना प्रकासन भएको मितिले ७ (सात) दिनभित्र वडा कार्यालयमा लिखित रुपले दावी विरोध वा उजुरी गर्न होला। अन्यथा यसै बमोजिम हुने व्यहोरा समेत जानकारी गरिन्छ।

तपसिलः

| क्र.सं. | निवेदकको नाम | ठेगाना | बाबु | बाजे | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |